**अनुसूची २**

**(दफा ४ तफा अनुसूची १ को भाग २ संग सम्बन्धित )**

# मधुवन नगरपालिका
# स्थानीय राजपत्र

मधुवन नगरपालिका
नगर प्रहरी कार्यविधि , २०७५

नेपालको संबिधान २०७२ को धारा २२६ अनुसूची ८ ले दिएको अधिकार तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (क) मा भएको व्यवस्था प्रयोग गरि मधुवन नगरपालिकाको नगर सभाबाट नगर प्रहरी कार्यविधि २०७५ बनाइ लागु गरिएको छ |

१. **कार्यविधिको नाम "नगर प्रहरी कार्यविधि २०७५" रहेको छ |**
२. **यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ |**
:बिषय वा प्रसंग अर्को अर्थ नलागेमा यस नियमावलीमा
(क) "नगर प्रहरी" भन्नाले मधुवन नगरपालिकाबाट यस नियमावली बमोजिम नियुक्त भएका नगरप्रहरी लाई सम्झनु पर्छ |
(ख) "प्रमुख "भन्नाले मधुवन नगरपालिकाको प्रमुख लाई सम्झनु पर्छ |
(ग) "प्रमुख प्रशासकीय अधिकृत "भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई जनाउने छ |
(घ) "कार्यालय "भन्नाले नगरपालिका नगरकार्यापालिकाको कार्यालय सम्झनु पर्छ |
(ङ) "छनौट समिति " भन्नाले नगरपालिका नगर कार्यपालिका छनौट समितिलाई जनाउने छ |

**३.मधुवन नगरपालिकाबाट देहाय बमोजिमको नगर प्रहरी समूह गठन गरि देहायका पद सिर्जना गरि पद पूर्ति गरिनेछ |**
(क) नगर प्रहरी अधिकृत स्तर छैठौ तह
(ख) नगर प्रहरी सहायक स्तर पाँचौ
(ग) नगर प्रहरी जवान

४. (१) नगरपालिकाको कार्यपालिकाबाट आवश्यक नगर प्रहरीको दरबन्दी सृजना गरिने छ |

(२) उपदफा (१) बमोजिम पदपूर्ति गर्न यस कार्यविधिको छनौट समितिले उम्मेदवारको छनौट गरि कार्यपालिका समक्ष सिफारिस गर्नेछ |

(३) उपदफा (१) बमोजिम नगर प्रहरीको पदपूर्ति हाललाइ करार मा रहने गरि पदपूर्ति गरिनेछ |

५.१ नगर प्रहरीको आवश्यकता योग्यता

(क) प्रहरी अधिकृत छैठौ तहका लागि कुनै बिषयमा स्नातक तह उतिर्ण गरि ४० वर्ष उमेर नाघेको |

(ख) नगर प्रहरी पाँचौ तहका लागि १२ कक्षा उतिर्ण गरि ४० वर्ष उमेर नाघेको |

(ग) नगर प्रहरी जवानका लागि ८ कक्षा उतिर्ण गरि १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको |

(घ) नेपालि नागरिक |

(२) उपदफा (१) बमोजिम नगर प्रहरी नियुक्त गर्दा नगरबासी युवाहरुलाई पहिलो प्रथामिकता दिइनेछ |

६.१ दफा ५.१ (क,ख,ग) बमोजिम नगर प्रहरी को नियुत्ती गर्दा छनौट समितिको सिफारिस मा कार्यालयले स्वीकृत गरेपछि प्रमुख प्रशासकीय अधिकृतले नियुक्त दिनेछ |

**७. छनौट समितिको गठन**

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) नगरकार्यपालिका कार्यरत अधिकृत स्तरका कर्मचारी मध्य नगर प्रमुख तोकेको एकजना – सदस्य

(ग) प्रशासन शाखाको प्रमुख – सदस्य सचिब

**८.छनौट समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्ने ,

(ख ) पदपूर्ति कार्यतालिका बनाउने,

(ग) परिक्षा किसिम तो क्ने,

(घ) पदपूर्तिका लागि बिज्ञापन प्रकाशन गर्ने ,

(ङ) परिक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने,

(च) नियुक्तिका लागि सिफारिस गर्ने ,

(२) छनौट समितिले नगर प्रहरी सेवा मा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाइ लागु गर्न सक्नेछ |

८. (१) छनौट समितिले पदपूर्तिका लागि बिज्ञापन प्रकशन गर्दा रास्ट्रियस्तरका पत्र-पत्रिकामा कम्तिमा १५ दिने म्याद दिई देहायका बिषय समेत खुलाई प्रतियोगिताका लागि बिज्ञापन प्रकाशन गर्नु पर्नेछ |

(क) पदका नाम,

(ख) आवश्यक संख्या (खुल्ला र समावेसी अलग अलग देखिने गरि ,

(ग) दरखास्त दिने म्याद र स्थान,

(घ) दरखास्त दस्तुर ,

(ङ) आवश्यक न्युनतम शैक्षिक योग्यता ,

(च) पेश गर्नुपर्ने आवश्यक प्रमाण-पत्र कागजाजहरु

(छ) सम्पर्क मिति र स्थान

(ज) परिक्षा तालिका,

(झ) अन्य शर्तहरु

(२) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उम्मेदवार हुने व्यक्तीले एक भन्दा बढी पदमा समावेसी कोटामा दरखास्त दिन पाउने छैन |

(३) उपनियम (२) बमोजिम दरखास्त पेश गर्ने व्यक्तिले प्रत्येक थप खुल्ला तथा समाबेशी समुहका पदका लागि लाग्ने  परिक्षा दस्तुरको थप बिस प्रतिशत रकम दस्तुर बुझाउनु पर्नेछ |

(४) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उम्मेदवार हुन चाहाने ब्यक्त्तिले खुल्ला प्रतियोगीतात्मक परिक्षाद्वारा पूर्ति हुने पदका लागि निर्धारित दरखास्त फारम भरि परिक्षा दस्तुरसहित विज्ञापनमा तोकिएका स्थान र समयमा बुझाउनु पर्ने छ |

(५) छनौट समितिबाट बिज्ञापन प्रकाशन  भएपछि थप वा खालि भई पद रिक्त भएमा लिखित परीक्षाका नतिजा प्रकाशन  हुनुभन्दा अगाडी सो छनौट समितिले सार्वजनिकरुपमा सुचना प्रकाशन गरि सोहि बिज्ञापन सो संख्यासमेत थप गर्न सक्नेछ |

(६)  नगरपालिकाले स्थायी पदपूर्ति नगरी सेवा करार मार्फत नगर प्रहरी भर्ना गर्न सुरक्षा गार्ड आपूर्ति गर्ने कम्पनि वा ब्यक्ती संग करार नियम अनुसार भर्ना गर्न बाधा पर्ने छैन |

९. उम्मेदवारका दर्खास्त फारम र प्रवेशपत्रका ढाँचा (१) उमेदवारका दरखास्त फारम र प्रवेशपत्रका ढाँचा अनुसूची-१ , र अनुसूची -२ बमोजिम हुनेछ |

(२) उम्मेदवारले कारणबश प्रवेशपत्र हराएको भनि नेवेदन पेश गरेका पदपूर्ति समितिले तोकेको दस्तुर लिई प्रवेशपत्रका प्रतिलिपि उपलब्ध गर्राई परिक्षामा सामेल हुन सनुमति दिन सकिने छ |

**१०. अन्तर्वार्ता  समितिको गठन :**

छनौट समितिको एक जना संयोजक र सम्बन्धित विषयका दक्ष वा बिशेषज्ञसमेत कम्तिमा तिन जना सदस्य रहेका अन्तर्वार्ता समिति गठन गर्नु पर्नेछ |

**११. अन्तिम नतिजा प्रकाशन :**

(१) छनौट समितिले उम्मेदवारको छनौट सम्बन्धि सम्पूर्ण प्रक्रिया सम्प न्न भएपछि सबभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहेरुका योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ |

(२) उपनियम (१) बमोजिम नतिजा प्रकाशन गर्दा उम्मेदवार उपलब्ध भएसम्म रिक्त पदका पन्ध्र प्रतिशत वा घटीमा दुई जान योग्यताक्रम अनुसार बैकल्पिक उम्मेदवारको सुची समेत प्रकाशन गर्नु पर्नेछ |

**१२.** (१) दफा ११ (१) २ बमोजिम छनौट समितिबाट सुची प्रकाशन भई सिफारिस भई नगर प्रहरीलाई कार्यपालिकाले स्वीकृत गर्नु पर्नेछ |

(२) स्थानीय सरकार संचालन ऐन २०७४ को आधारमा नगर प्रहरीको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ |

(क) नगरपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यन्वयनमा सहयोग

(ख) नगरपालिकाको सम्पतीको सुरक्षा तथा संरक्षण गर्ने |

(ग) स्थानीय स्तरमा हुने सभा, समारोह , परम्परा, जात्रा , मेला, महोत्सबतथा चाडपर्वको बेलामा सुरक्षाको व्यवस्थापन गर्ने |

(घ) स्थानीय बजार तथा क्षेत्रको पार्किंग स्थलको रेखदेख र व्यवस्थापन गर्ने |

(ङ) नगर सरसफाई सम्बन्धि मापदण्डको कार्यान्वयन गर्न सहयोग गर्ने |

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यन्वयनमा सहयोग गर्ने |

(छ) सार्वजनिक, ऐलानी र पार्टी जग्गा, सार्वजनिक भवन,सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाको काम गर्ने |

(ज)विपद व्यवस्थापन सम्बन्धि खोजि, उद्दार,राहत तथा पुर्स्थापना मद्दत गर्ने |

(झ)अनाधिकृत होर्दिंग बोर्ड तथा बिज्ञापनको नियन्त्रण गर्ने |

(ञ) वातावरण दुषित पार्ने गरि माइक, डिजे  ठुलो आवाजमा बजाउनेलाई कारवाही गर्ने |
(ट) छाडा पशु चौपायाको नियन्त्रण गर्ने |
(ठ) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिमाथिको अतिक्रमण रोकथाम तथा नियन्त्र गर्ने |
(ड) सडक पेटी फोहोर गर्ने , अतिक्रमण गरि ब्यापार गर्ने माथि नियन्त्रण गर्ने |
(ढ) सडक पेटी फोहोर गर्ने, अतिक्रमण गरि ब्यापार गर्ने माथि नियन्त्रण गर्ने |
(ण) नगर कार्यपालिकाले तोकेको अन्य काम गर्ने |

**१३.** नगर प्रहरीको सेवा सुबिधा सम्बन्धि व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ |

**अनुसूची १**
**(दफा ९ उपदफा १ (संग सम्बन्धित))**

श्रीमान ........................................................................|
त्यस कार्यालयका मिति ...........................................का प्रकाशित बिज्ञापन अनुसार म.......................................पदमा सेवा गर्ने अभिलाषा दिई अभिलाषा दिई निबेदन गर्न आएको छु |
नाम, थर .....................................................................
जन्म मिति ...................................................................
जन्म स्थान ...................................................................
शैक्षिक योग्यता १.............................................................
२.............................................................
३.............................................................
**राजनीतिक दलको सदस्य रहे/नरहेको**
पेशा :
बाजेको नाम:
बाबुको नाम:
नागरिकता:
माथि लेखिएका बिवरण ठिक सन्चो छ| जानी जानी झुट्टा कुरा लेखि डिएको तःहरे नियम बमोजिम साहुला बुझाउंला |

| **औंठाका छाप** | |
|---|---|
| **दायाँ** | **बायाँ** |

मिति :-
द्रस्टब्य: माथि लेखिएका देखि बाहेक अन्य कुरा खुल्लौना परेमा छुट्टै पानामा लेखि आवेदन साथ राख्नु होला |
पासपोट साइजका हालसाल खिचिएका २ प्रति फोटो यसैसाथ समावेस गर्नु होला |

विभागीय उम्मेदवारहरुका प्रयोजनाका लागि मात्र : १ हालका दर्जा
: २ दरवन्दी
द्रस्टब्य:- दरखास्तसाथ् विज्ञापनमा उल्लेख भएका अभिरिक्त देहायका कागजाजहरु समेत अनिवार्य रुपमा प्रमाणित गरि पेश गर्नु पर्ने छ |
(१)नेपालि नागरिकताको प्रतिलिपि
(२)बिज्ञापन भएका पदका लागि तोकिएका न्युनतम शैक्षिक योग्यताका प्रमाणपत्र र चारित्रिक प्रमाण-पत्रका प्रतिलिपि ,
(३)सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भएका प्रमाणपत्रका प्रतिलिपि
(४)(सम्बन्धित पदका लागि अनुभब मागिएकोमा अनुभवको प्रमाण पत्रको प्रतिलिपि |

**अनुसूची -२**
**(दाफा ९ उपदफा १(संग सम्बन्धित ))**

(नगर प्रहरी .................................... पदका खुल्ला प्रतियोगीतात्मक परीक्षाका लागि )

(क)बिज्ञापन मिति :-
(ख) बिज्ञापन नं :-
(ग) दर्ता नं :-
(घ) नाम, थर:-
(ङ) उमेर :-
(च) श्रेणी ,तह :-
(छ) उमेदवारको दस्तखत नमुना :-

**भर्ना छनौट शाखाका सम्बन्धित कर्मचारीले भर्ने :-**
यस कार्यालयबाट लिईने उक्त परिक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति डिएको छ |
विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो रद्द हुनसक्ने छ |

परिक्षा केन्द्र :-
नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाए पाए/ नपाएका मैले यश भन्दा अगाडी नगर प्रहरी सेवामाजागिर गरेको छ/छैन  भनि मिति :-
छोडेको मिति :-
दर्जा:-
हटनुका कारण:-
ठेगाना : स्थाई...........................................................................................
अस्थायी/करार ....................................सम्पर्क नं ..................................
इमेल ठेगाना ...............................................

प्रमाणीकरण मिति :२०७५/०३/३०